JOIN IELTS CLASSES
MORNING | DAY | EVENING
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत १ गते आइतबार ❑ 14 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## खनाल-नेपाल समूहले बोलायो चैत ४ र ५ गते राष्ट्रिय कार्यकर्ता भेला

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

नेकपा एमालेको खनाल-नेपाल समूहले राष्ट्रिय कार्यकर्ता भेला बोलाएको छ।

वरिष्ठ नेता झलनाथ खनाल र माधवकुमार नेपाल निकट केन्द्रीय सदस्य र संघीय सांसदहरुको शनिबार बसेको बैठकले अध्यक्ष केपी शर्मा ओलीले गरेका एकलौटी निर्णयहरु अमान्य र अस्वीकार्य भएको बताएको छ।

अध्यक्ष ओलीले शुक्रबार बालुवाटारमा गरेको बैठकबारे केन्द्रीय पदाधिकारी र सदस्यहरुलाई जानकारी नगराएको र बहुमत सदस्यसमेत उपस्थित नभएकाले अवैध भएको यो समूहको दाबी छ। उपाध्यक्ष भीम रावलले भने, 'केपी शर्मा ओलीजीले बालुवाटारमा जुन किसिमले कथित बैठक गर्नुभयो र एमालेको विधान, नियमावली र कार्यशैली विपरित जसरी काम गर्नुभयो । त्यो आपत्तिजनक छ, अवैध छ ।' सर्वोच्च अदालतको फैसलाविपरित माओवादी केन्द्रमा रहेका नेताहरुलाई एमाले केन्द्रीय सदस्य मनोनित गरें भन्नु हास्यापद भएको उनले बताए । केन्द्रीय सदस्यमा थप सदस्य मनोनित गर्ने अधिकार नै नभएको खनाल-नेपाल समूहको दाबी छ। बैठकले चैत ४ र ५ गते राष्ट्रिय कार्यकर्ता भेला समेत बोलाएको छ। भेलामा केन्द्रीय कमिटी र केन्द्रीय निकायका सबै सदस्य, संघ र प्रदेशका सांसद, प्रदेश कमिटीका पदाधिकारी र सदस्य, जिल्ला कमिटी पदाधिकारी, पालिकाका निर्वाचित प्रमुख र उपप्रमुखका साथै पार्टी कमिटीका पदाधिकारीलाई बोलाइएको छ । जनसंगठन, वर्गीय संगठन र पेशागत संगठनका केन्द्रीय सदस्य, प्रदेशका पदाधिकारी, जिल्लाका अध्यक्ष, केन्द्रीय विभागका सदस्यहरुलाई पनि भेलामा बोलाइएको छ। 'भेलाबाट हामीले महत्वपूर्ण निर्णय गर्नेछौं' उपाध्यक्ष रावलले बताए । माधव समूहको भेलाले केही नेतालाई जिम्मेवारी समेत दिएको छ। प्रदेश नं. १ को इन्चार्जमा भीम आचार्य, प्रदेश नं. २ मा घनश्याम भुसाल, बागमती प्रदेशमा अष्टलक्ष्मी शाक्य, गण्डकी प्रदेशमा सुरेन्द्र पाण्डे, लुम्बिनी र कर्णाली प्रदेशमा युवराज ज्ञवाली र सुदूरपश्चिम प्रदेशको ईन्चार्जमा भीम रावललाई जिम्मेवारी दिइएको छ।

त्यसैगरी रघुजी पन्तलाई युवा, गोकर्ण विष्टलाई विद्यार्थी, प्रमेश हमाललाई बुद्धिजीवी र योगेश भट्टराईले प्रचार विभाग प्रमुखको जिम्मेवारी दिइएको छ।

## सरकार छाड्न माओवादीको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले प्रधानमन्त्री केपी शर्मा ओलीले नेतृत्व गरेको सरकार छाड्न आफ्ना मन्त्रीलाई निर्देशन दिएको छ।

पार्टी मुख्यालय पेरिसडाँडामा शनिबार बसेको स्थायी समिति बैठकले पार्टीका तर्फबाट वर्तमान सरकारमा सहभागी सबै मन्त्रीलाई फिर्ता हुन निर्देशन दिएको हो।

नेकपा (एमाले) र माओवादी केन्द्रबीच एकता भई बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)लाई बदर गर्ने सर्वोच्च अदालतको फैसलासँगै दुई पार्टी अलगअलग भएका छन् । माओवादी केन्द्रका तर्फबाट रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभू साह र दावा लामा सरकारमा सहभागी भएका छन् । सरकारले गत पुस ५ गते प्रतिनिधिसभा विघटन गर्ने निर्णय गरेसँगै त्यसमा असहमति जनाउँदै माओवादी केन्द्रका केही मन्त्रीले त्यतिबेलै सरकार छाडेका थिए।

बैठकले एमालेको कमिटीमा राखिएका सङ्घीय सांसद तथा प्रदेशसभा सदस्यलाई २४ घन्टाभित्र आफ्नो स्थिति प्रष्ट पार्न पत्र लेख्ने निर्णय गरेको अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का प्रेस संयोजक विष्णु सापकोटाले जानकारी दिए । बैठकले आगामी चैत २ गते हुने भनिएको राष्ट्रिय कार्यकर्ता भेला अर्को सूचना नआएसम्मका लागि स्थगित गर्ने निर्णयसमेत गरेको छ। बदलिँदो राजनीतिक परिस्थितिबारे छलफल गर्न आइतबार माओवादी केन्द्रको केन्द्रीय समितिको बैठक बस्दैछ।

## निष्ठावान कम्यूनिष्ट एक हुनु पर्ने सांसद बरालको जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

गण्डकी प्रदेशका संसाद रामजी प्रसाद बराल (जीवन) ले निष्ठावान कम्यूनिष्टहरु अब एक हुनु बताएका छन्।

माओबादी केन्द्र माछापुच्छ्रे गाँउपालिका ६ वडा कमिटिको भेलालाई शनिबार सम्बोधन गर्दैसांसदबराललेजनआन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्नं पनि निष्ठावान कम्यूनिष्टहरु एक हुनु पर्ने बताएका हुन् । जनतासंग बढेको दुरी कम गराउन अब पार्टीलाई सशक्त ढंगले अघि बढाउनु पर्ने सांसद बरालले जनाए । देशमा हाल राजनीतिक संकट आएको उल्लेख गर्दै उनले माओबादी केन्द्रका नेता तथा कार्यकर्ता बिचलन नहुन नभई अघि बढ्न आग्रह गरे । पद र शक्तिको



भरमा कम्यूनिष्ट पार्टीका केही तत्व पार्टीबाट बाहिरिए पनि त्यसले सिंगो पार्टीलाई खासै फरक नहुने सांसद बरालको भनाई थियो । माओबादी केन्द्र माछापुच्छ्रे गाँउपालिका वडा ६ का कार्यवहाक अध्यक्ष टेक प्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा केन्द्रका जिल्ला कमिटि सदस्यहरु प्रविणा अधिकारी, बैकुण्ठ भण्डारी, मोहन दवाडी, वडा कमिटिका सहसचिव पुर्णभन्द्र गौतम, नेता सुनिल दाहाल लगायतले वोलेका थिए।

## दुधमा आत्मनिर्भर बन्न वार्षिक प्रतिव्यक्ति १३ लिटर अपुग

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

नेपाल दुग्ध उत्पादनमा आत्मनिर्भर बन्न नसके पनि सोको नजिक रहेको पाइएको छ। देशभरि रहेका दुग्ध प्रशोधन उद्योगको छाता संस्था डेरी उद्योग सङ्घको शुक्रबार पोखरामा भएको १२ औं वार्षिक साधारणसभामा हालको दूधको उपलब्धता प्रतिव्यक्ति ७८ लिटर प्रतिवर्ष रहेको जानकारी दिइयो।

दूधमा आत्मनिर्भर हुनको लागि विश्व खाद्य तथा कृषि सङ्गठनको सिफारिसअनुसार दैनिक २५२ मिलि प्रतिव्यक्ति वा वार्षिक ९१ लिटर प्रतिव्यक्ति आवश्यक पर्नेमा हाल नेपालमा सोअनुसार उपलब्ध नभएको र वार्षिक अझै प्रतिव्यक्ति प्रतिवर्ष १३ लिटर दूध अपुग रहेको सङ्घका केन्द्रीय अध्यक्ष राजकुमार दाहालले बताए। उनका अनुसार दुग्ध उत्पादनमा आत्मनिर्भरताको नजिक पुग्नु नेपालका लागि ठूलो अवसर पनि हो।

नेपालमा हाल दूधको उत्पादन २२ लाख ६८ मेट्रिक टन रहेकामा गाईको दूधको हिस्सा लगभग ३० देखि ३५ प्रतिशत र भैंसीको ६५ प्रतिशत रहेको जनाइएको छ । कूल दूध उत्पादन वृद्धि गत वर्षको तुलनामा करिब चार प्रतिशतको रहेको अध्यक्ष दाहालले जानकारी दिए। सङ्घका अनुसार नेपालको निजी क्षेत्रको डेरी उद्योगमा रु ३० अर्बको हाराहारीमा लगानी भएको र ३० हजार रोजगारी सिर्जना भएको छ । देशभर दुग्ध उत्पादन व्यवसायमा पाँच लाख कृषक परिवार आबद्ध रहेका छन्। दुग्ध क्षेत्रको मात्र कूल राष्ट्रिय उत्पादनमा नौ प्रतिशत योगदान रहेको र दैनिक रु पाँच करोड तथा वार्षिक रु १२ अर्ब शहरबाट गाउँतर्फ नगद प्रवाह भइरहेका कारण दुग्ध उत्पादन व्यवसाय ग्रामीण स्वरोजगारको मुख्य अङ्ग बनेको बताइन्छ । नेपालमा भारत तथा तेस्रो मुलुकबाट करिब रु दुई अर्बभन्दा बढीको दूध र दुग्धजन्य पदार्थ आयात भइरहेको छ।

नेपालमा ठूला दुग्ध प्रशोधन उद्योग चार, मझौला ३०, साना ५० र घरेलु तथा साना गरी ५०० भन्दा बढी दूध उत्पादन गर्ने क्षमताका डेरी रहेको सङ्घका निर्वतमान अध्यक्ष इञ्जिनीयर अरनिको राजभण्डारीले जानकारी दिए । सङ्घले ससाना डेरी उद्योगले खाद्यको अनुज्ञापत्र र लेवल बिना सञ्चालन भएका कारण उपभोक्ताले पूर्णरुपमा गुणस्तरको प्रत्याभूति गर्न नसकेको तथा अस्वस्थ प्रतिस्पर्धा हुन गएकाले नियमनकारी निकायको ध्यान जानुपर्नेमा जोड दिएको छ।

त्यस्ता उद्योगमा अनुगमन गरी खाद्य अनुज्ञापत्र, लेबल, भ्याट र प्यानको दायराभित्र ल्याई हालै जारी भएको दूधसम्बन्धी खाद्य स्वच्छता निर्देशिका २०७५ को मूल भावअनुसार दुग्ध क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न माग गरिएको छ। मौसमअनुसारको दूध उत्पादनको कारण जाडो महिनामा (असोजदेखि फागुनसम्म) उत्पादन बढी भई किसानको दूधले बजार नपाउने अवस्था र गर्मी महिना (चैतदेखि भदौ) सम्म दूधको अभाव भई निर्यातित दुग्धजन्य पदार्थमा निर्भर हुनुपरेको बताइन्छ।

उत्पादन बढी हुने मौसममा दूधलाई व्यवस्थापन गर्न सङ्घले ' मिल्क होलिडे' समस्या न्यूनीकरण गर्न चितवन मिल्क लिमिटेड र पोखरास्थित सुजल डेरीमा लगेर सम्पूर्ण निजी डेरी उद्योगमा बढी दूधलाई धुलो दूधमा रुपान्तरण भइरहेको अध्यक्ष दाहालले बताए। चालु आर्थिक वर्षमा दुवै उद्योगमा गरी ९० लाख लिटर दूध धुलो दूधमा परिणत गरिसकिएको बताइन्छ । भारतको बहुर्राष्ट्रिय कम्पनी अमूलले नेपालको पूर्वी क्षेत्रबाट दूध किनेर सीमाभन्दा सात किमी टाढा सिक्किममा रहेको आफ्नो प्रशोधनशालामा लाने योजना सार्वजनिक गरेको भन्दै सङ्घले सो कार्य नेपाली अर्थतन्त्रको लागि चिन्ताजनक रहेको जनाएको छ । यसबाट कच्चा दूध निर्यात गरी प्रशोधित दुग्ध पदार्थ आयात गर्नुपर्ने अवस्था आउने र नेपाली डेरी उद्योग आफ्नो क्षमताभन्दा कममा सञ्चालन हुने बताइन्छ।

साधारणसभामा गण्डकी प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापामगरले सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारको सामूहिक प्रयासबाट दुग्ध उत्पादन र प्रशोधनलाई व्यवस्थित गर्नुपर्ने बताए। कृषक र उद्योगीलाई सहुलियत ऋण सुविधा उपलब्ध गराएर प्रोत्साहित गर्नका लागि प्रदेश सरकारले कृषि ऋणमा ब्याज अनुदानको कार्यक्रम शुरु गरेको उनले जानकारी दिए।

## चैत २१ गतेदेखि आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

पोखरामा आउँदो चैत २१ गते देखि १९ औं संस्करणको मोफसलको बहुप्रतिष्ठित राष्ट्रिय तथा अन्तराष्ट्रिय अन्तर क्लब स्तरिय आमन्त्रित आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७७ हुने भएको छ।



उक्त प्रतियोगिता पोखरा रंगशालामा चैत २१ गते देखि चैत २८ गतेसम्म हुने भएको सहारा क्लवले शनिबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी गराएको हो। क्लवले यस अघि चैत १७ गतेबाट उक्त प्रतियोगिता सुरु हुने पूर्व घोषणा गरे पनि यसपाली ८ टिम मात्र सहभागि हुने भएकोले चैत २१ गते बाट उत्त प्रतियोगिता हुने भएको क्लवका अध्यक्ष केशव बहादुर थापाले बताए । प्रतियोगितामा विदेशी एक क्यामरुनको अफ्रिकन रुट एसोएसन, डउला, ६ वटा नेपालका ए डिभिजनका क्लव र आयोजक सहारा क्लव सहित ८ टोलीको सहभागिता रहेको उनले जनाए । त्यसै गरी प्रतियोगितामा नेपाल आयल निगम मनाङ मस्याङदी क्लब, विभागिय टोली नेपाल पुलिस क्लव, सशस्त्र प्रहरी वलको ए.पि.एफ.क्लव, रुस्लान थ्रि–स्टार क्लव, संकटा क्लव र मछिन्द्र क्लब सहभागि हुने भएका छन् । "खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं" भन्ने उद्येश्यका साथ आयोजना हुने उक्त प्रतियोगिताको विजेता टोलीले उपाधि सहित १० लाख १ हजार साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ। उपबिजेता हुने टोलीले ट्रफीको साथमा ५ लाख १ हजार रुपैया साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ । गत वर्षको विजेता मनाङ्ग मर्यास्याङ्गदी क्लब हो भने उपविजेता नेपाल पुलिस क्लब रहेको थियो।

"आत्मा साँक्षी राखि मन, वचन र कर्मले समाजिक सेवा गरौं" भन्ने उद्येश्यका साथ वि. स. २०५५ सालमा पोखराको पुरानो बसपार्कमा स्थापित यस सहारा क्लब पोखराले आयोजन गर्ने प्रतियोगिताबाट बचत रकम सहारा एकेडेमीमा रहेका १४ जिल्लाका २४ जना वालकहरुको भरणपोषणमा खर्च गर्दै आएको क्लवले जनाएको छ । प्रतियोगितालाई पहिलो संस्करण देखी नै मुख्य प्रायोजकको रुपमा बहुचर्चित मोफसलको व्यापारिक प्रतिष्ठान हिमश्री फुड्स प्रा. लि. को उत्पादन आहा तथा रारा तयारी चाउचाउले गर्दै आएको छ। उक्त प्रतियोगिताबाट १ करोड २ ९ लाख १ हजार रुपैया आम्दानी गर्ने लक्ष्य राखिएको महासचिब रामजी प्रसाद अधिकारीले बताए । ७ दिन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## संसदीय पत्रकार मञ्च गण्डकीको नयाँ कार्यसमिति चयन

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

संसदीय पत्रकार मञ्च गण्डकीको नयाँ कार्यसमिति चयन भएको छ।

मञ्चको शनिबार पोखरामा सम्पन्न भएको तेश्रो बार्षिक साधारण सभा तथा दोश्रो अधिवेशनले भरत कोइरालाको अध्यक्षमा नयाँ कार्यसमिति सर्वसम्वत रुपमा चयन गरेको हो।

त्यसै गरी मञ्चको उपाध्यक्ष अमृत सुवेदी, सचिवमा रोहितराज पराजुली,



कोषाध्यक्षमा तारा चापागाईं (दुवे) र सहसचिवमा युवराज श्रेष्ठ निविरोध निर्वाचित भए भने अन्य सदस्यहरुमा विशल क्षेत्री, प्रकाश ढकाल, वासुदेव पौडेल,

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# जित प्रसाद द्वा पत्रकारिता पुरस्कारबाट सिग्देल पुरस्कृत, कलाकार घिमिरे सम्मानित

## सकरात्मक सोचका साथ अगाडि बढ्न अर्थमन्त्रीको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले सकरात्मक सोचका साथ अगाडि बढेमात्र समृद्ध प्राप्ती हुने बताए। चलचित्र पत्रकार संघ नेपाल कास्कीको चौंथो साधारण सभा तथा जित प्रसाद द्वा पत्रकारिता पुरस्कार २०७७ लाई उद्घाटन गर्दै मन्त्री गुरुङले पत्रकारले ठोक्ने प्रवृतिबाट भन्दा पनि क्षेत्रगत अवस्थालाई बोक्ने गरी अगाडि बढ्नुपर्ने बताए।



स्कुले समयमा आफुले पनि घर वा विद्यालयबाट भागेर फिल्म हेर्ने गरेको किस्सा सुनाउँदै अर्थमन्त्री गुरुङले कमीकमजोरीलाई सकरात्मक ढंगले सच्याउनुपर्ने आवश्यकतालाई औंल्याए। नपच्ने गरी नभई पच्ने गरी कमीकमजोरीलाई पत्रकारले बाहिर ल्याउनुपर्ने विषयमा उनको जोड थियो । चलचित्र क्षेत्रले पोखराको पर्यटनलाई माथि उकास्न सहयोग गर्ने भन्दै उनले गण्डकी प्रदेश सरकार सँधै राम्राकामका लागि सबैको साथमा रहेको प्रतिबद्धता व्यक्त गरे।

जित प्रसाद द्वा पत्रकारिता पुरस्कार २०७७ बाट पत्रकार श्रीराम सिग्देल पुरस्कृत भएका छन्। चलचित्र पत्रकार संघ नेपाल कास्कीले आयोजना गरेको चौंथो वार्षिक साधारण सभा तथा पुरस्कार अर्पण कार्यक्रममा सिग्देल पुरस्कृत भएका हुन् । उनलाई प्रमुख अतिथि गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले ताम्रपत्र, दोसल्ला, माला, अबिर र नगद सहित सम्मान गरे । लामो समय देखि पोखरामा रहेर चलचित्र क्षेत्रमा अनवरत कलम चलाएको भन्दै उनलाई नगद २५ हजार सहित सम्मान गरिएको हो।

२०५४ सालबाट आदर्श समाज राष्ट्रिय दैनिकबाट पत्रकारिता शुरु गरेका सिग्देल चलचित्र पत्रकार संघ कास्कीका संस्थापक अध्यक्ष हुन् । उनकै नेतृत्वमा २०६० असार २२ गते चलचित्र पत्रकार संघ कास्कीको स्थापना भएको थियो। हाल उनी फेवा पोस्ट साप्ताहिकको सह–सम्पादक हुन्।

पुरस्कार अर्पण गर्दै सिग्देलले अरुण गिरीको नेतृत्वमा बनेको नयाँ टिमले उदाहरणीय कार्य गरेको बताए। उनले आफु र आफ्नो टीमले ०६० सालमा स्थापना गरेको संस्थाको प्रगती भएको देख्दा खुशी लागेको बताए। उनले जित प्रसाद द्वा पत्रकारिता पुरस्कार स्थापनामा महत्वपूर्ण भूमिका निभाउने द्वा परिवारलाई धन्यवाद दिएका छन्। आज आफु ९२ वर्षीय जित प्रसाद द्वाको नाममा स्थापना भएको पुरस्कारबाट सम्मानित हुँन पाउँदा खुशीको सिमा नरहेको उनले बताए । नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य तथा पुरस्कार छनोट समितिका संयोजक रामकृष्ण ज्ञवालीले पुरस्कृत व्यक्ति सिग्देलको परिचय प्रस्तुत गरेका थिए। साथै उनले शुभकामना दिँदै पोखराको पर्यटन क्षेत्रमा चलचित्रका माध्यम ठूलो फड्को मार्न सक्ने कुरामा जोड दिए । कार्यक्रममा पुरस्कारदाता जित प्रसाद द्वा र कलाकार प्रकाश घिमिरेलाई संघले सम्मान गरेको थियो।

संघको पहलमा जित प्रसाद द्वा पत्रकारिता पुरस्कार स्थापनामा गरेका जित प्रसाद द्वालाई दोसल्ला, ताम्रपत्र, माला र अबिर सहित सम्मान गरिएको थियो। पुरस्कार दाता द्वाका सुपुत्रको निधन भएको ४५ दिन नपुगेकाले कार्यक्रममा उनको भौतिक उपस्थिति हुन सकेन । जसलाई मिडटाउन सिनेमाजका प्रतिनिधिले ग्रहण गरेका थिए। जित प्रसाद द्वाका विषयमा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष दिपेन्द्र श्रेष्ठले बोलेका थिए। उनले चलचित्र क्षेत्रको विकासमा चलचित्र पत्रकार संघ कास्कीले उदाहरणीय काम गर्दै जानेमा आफु विश्वस्त रहेको उल्लेख गरे।

यस्तै, लामो समय देखि गण्डकी प्रदेशलाई प्रतिनिधित्व गर्दै चलचित्र क्षेत्रमा कलाकारिताका माध्यम पुर्याएको अतुलनिय योगदानको कदर गर्दै कलाकार घिमिरेलाई संघले सम्मान गरेको थियो। उनका विषयमा चलचित्र पत्रकार संघ कास्कीका सल्लाहकार राजाराम पौडेलले परिचय दिएका थिए। सम्मान ग्रहण गर्दै घिमिरेले चलचित्र पत्रकार संघको उज्जवल भविष्यको कामना गरे। घिमिरेले आफु चलचित्र क्षेत्रको उन्नयन र विकासमा कलाकारिताकै माध्यम अनवरत खटिने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा चलचित्र पत्रकार संघ नेपालका उपाध्यक्ष जीवन पराजुली,नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष त्रिभुवन पौडेल, संचारिका समूहबाट बिमला भण्डारी, गुरुङ फिल्म एशोसियसन (जिफान) का अध्यक्ष भोजबहादुर गुरुङ लगायतले बोलेका थिए। संघको चौंथो साधारण सभामा २०७६ माघ २८ गतेदेखि २०७७ फागुन २९ गतेसम्मको एक वर्षको वार्षिक कार्यक्रमको प्रतिवेदनलाई अध्यक्ष अरुण गिरीले प्रस्तुत गरेका थिए । यस्तै सभाको बन्द सत्रमा आर्थिक प्रतिवेदनलाई कोषाध्यक्ष अर्पण तिवारीले पेश गरेका थिए। औपचारिक कार्यक्रमको संचालन सचिव प्रभु अधिकारीले गरेका थिए।

## संसदीय ...

उमा आले मगर, युवराज गुरूङ (युनिश) र उमेश पुन मगर चयन भएका हुन् । उपाध्यक्ष पदको लागि निवर्तमान सचिव विशन क्षेत्रीले यसपाली अमृत सुवेदीलाई सघाउने र अर्को पाली क्षेत्रीले सुवेदीलाई सघाउने सहमतीमा क्षेत्रीले अमृतलाई उपाध्यक्षमा मार्ग प्रसस्त गरेका हुन् । सदस्यमा उमेदवारी दिएका केशवशरण लामिछाने अन्तिम घडिमा क्षेत्रीलाई सदस्यमा लैजाने वातावरण गरेका थिए । निर्वाचन कमिटिको स.योजकमा अधिवक्ता सुरेन्द्र थापा मगर, अन्य सदस्यमा इन्द्र पौडेल र कृष्णमणि बराल रहेका थिए । विजयी भएको टोलीलाई नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य रामकृष्ण ज्ञवाली, महासंघ कास्कीका उपाध्यक्ष विमल भण्डारी लगायले शुभकामना दिएका थिए । यस अघि गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमानले उक्त कार्यक्रमको उद्घघाटन गर्दै संसदीय पत्रकारले संसद भित्रका राम्रा तथा नराम्रा बिषय बस्तुलाई जनता सामु मसिनो गरी ल्याउन सक्नु पर्ने बताए। पत्रकारको हकहितको लागि मन्त्रालयले हरपल सहयोग गर्ने उनले जनाए। मञ्चका अध्यक्ष लाल प्रसाद शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गण्डकी प्रदेशका सांसद एवं विकास समितिका सभापति दीपक कोइराला(रुपक), प्रदेश सांसदहरु कृष्ण थापा, बिन्दुकुमार थापा र हरिशरण आचार्य, नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष त्रिभुवन पौडेल, मञ्चका सचिव विशन क्षेत्री लगायतले वोलेका थिए। उत्त अबसरमा युवा व्यवसायी डिल्लीराम सुवेदी (शिशिर) लाई बिषेश सम्मान गरिएको कोषाध्यक्ष रोहितराज पराजुली बताए। मञ्चको अध्ययन भ्रमणमा उल्लेखनिय सहयोग पुऱ्याएको भन्दै मञ्चले सुवेदीलाई सम्मान गरेको हो । कार्यक्रमका प्रमुख अतिथी गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमानले सम्मानपत्रको साथमा दोसल्ला ओढाउर सम्मान गरेका हुन्।

# डिफेन्डिङ च्याम्पियन टि वर्गरलाई पराजित गर्दैं मिया सान मियाले जित्यो उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

पोखराको प्रतिष्ठित संस्था बगर भाई खलकद्वारा आयोजित "चौथो स्वर्गिय रञ्जित गुरुङ स्मृती तथा १० औं बगर भाई खलक भेट्रान्स एट-ए-साइड अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता"को उपाधि काठमाडौको आई वोस मिया सान मियाले जितेको छ।



शनिवार सम्पन्न फाइनल खेलमा मिया सान मियाले डिफेन्डिङ च्याम्पियन टि वर्गर ललितपुरलाई ४-१ ले पराजित गर्दै उपाधि जितेको हो। उपाधि सँगै मिया साान मियाले रनिङ शिल्ड सहित नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ हात पारेको छ भने उपविजेता टि वर्गरले नगद ५५ हजार ५ सय ५५ का साथमा कप, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

दुवै टिमबाट सहभागी रहेका पूर्व राष्ट्रिय खेलाडीहरुको खेलमा पहिलो गोलको खाता खेलकौ १६ औ मिनेटमा मिया सान मियाकाको तर्फबाट नविन पाण्डेले गोलको खाता खोलेका थिए । निर्धारित २५-२५ मिनेटको खेलमा नविन न्यौपानेले टिमका लागि २० औं मिनेटमा दोश्रो गोल थप्दा टि वर्गर करिव-करिव उपाधि होडबाट वाहिरिन पुगेको थियो । नविन न्यौपानेले नै खेलको दोश्रो हाफको ३४ औं मिनेटमा मिया सान मियाले टिमका लागि तेश्रो गोल थपे । न्यौपाने फाइनल खेलको म्यान अफ दि म्याच समेत भएका थिए। यता ३-० ले पछि परेको टि वर्गरलाई खेलमा फर्काउने प्रयास गर्दै नरेन्द्र लिम्वुले एक गोल फर्काए पनि उपाधिका लागि त्यो पुरा हुन सकेन । खेलको दोश्रो हाफको अतिरिक्त समयको पहिलो मिनेटमा नविन पाण्डेले टिमको लागि चौथो गोल गर्दै उपाधि पक्का गरेका थिए।

फागुन २४ गतेबाट सञ्चालन भएको उक्त प्रतियोगितामा टि वर्गरकानरेन्द्र लिम्वु उत्कृष्ट खेलाडी हुँदै नगद १० हजारका साथमा ट्रफी हात पारेका छन । यसै गरी अन्य विद्यामा उत्कृष्ट मिडफिल्डर मिया सान मियाका राजेश खड्की, उत्कृष्ट गोल रक्षकमा मिया सान मियाका सञ्जिव खड्की, उत्कृष्ट फरवार्डमा मिया सान मियाका नविन न्यौपाने, उत्कृष्ट डिफेण्डरमा टि वर्गरका नरेश थापा भएका छन। उत्कृष्ट हुने सवै विद्यागत खेलाडीले नगद ५ हजारका साथमा ट्रफी तथा प्रमाणपत्र प्राप्त गरे।

यसै गरी "चौथो स्वर्गिय रञ्जित गुरुङ स्मृती तथा १० औं बगर भाई खलक भेट्रान्स एट-ए-साइड अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता"को उपाधि विजेता मिया सान मिया र उपविजेता टि वर्गरले जितेको रकम कल्याणकारी कामको लागि हस्तान्तरण गरेका छन । मिया सान मियाले आफ्ना टिमका खेलाडी तथा पूर्व राष्ट्रिय खेलाडी नविन न्यौपानेकी क्यान्सर पिडित आमाको उपचारका लागि हस्तान्तरण गरेको छ । टिमका कप्तान समेत रहेका नविन पाण्डेले उक्त रकम सहकर्मी न्यौपानेलाई समापन समारोहमा हस्तान्तरण गरेका थिए । यसै गरी उपविजेता टोली टि वर्गरले पोखरामा महिला र वालवालिकाको क्षेत्रमा कार्यरत सञ्जिवनी समुहलाई हस्तान्तरण गरेको छ।

प्रतियोगितामा विजेता खेलाडीहरुलाई सामाजिक विकास मन्त्रालयका सचिव विनोद बहादुर कुंवर, संस्थाका अध्यक्ष दिल बहादुर गुरङ, तमु धि यूकेका अध्यक्ष कमल गुरुङ, नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तेज गुरुङ, सहारा यूकेका महासचिब धनु पुरन थकाली, गैर आवाशिय नेपाली संघ यूकेका पूर्व अध्यक्ष मुक्षेत्र गुरुङ, संस्थाका महासचिब याम गुरुङ, भूतपूर्व खेलाडी मञ्च नेपालका पूर्व अध्यक्ष खड्ग बहादुर रानाभाट, संस्थाका प्रमुख सल्लाहाकार दिनेश श्रेष्ठ लगायतले ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरेका थिए।

# गाउँपालिका स्तरीय खुला सेभेन ए साइड फुटबलको तयारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा गाउँपालिकास्तरीय खुला सेभेन ए साइड फुटबल प्रतियोगिता सञ्चालन हुने भएको छ।

माछापुच्छ्रे-४ लाहाचोकमा अवस्थित जोगि चौर युवा क्लबको आयोजनामा फागु पूर्णिमाका अवसरमा आगामी चैत १३ देखी १५ गतेसम्म गाउँपालिकाभित्र रहेका क्लबहरुकाबीच फुटबल प्रतियोगिता हुने क्लबका अध्यक्ष किरण भण्डारीले जानकारी दिए। क्लबलेशनिबारएककार्यक्रमकाबीच प्रतियोगिताको मिति घोषणा गरेको हो। महेन्द्र माध्यमिक विद्यालयको खेल मैदानमा सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले रु ३३ हजार ३३३ तथा उपविजेताले रु २२ हजार २२२ सहित ट्रफी र प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा सहभागी टिम २५ भन्दा माथी हुन पुगेमा सेमिफाइनलमा पुग्ने अरु दुई टिम ले रु तीन हजार थप पुरुस्कार पाउने आयोजकले जनाएको छ।

यसैगरी बिधागत रुपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट किपर र क्वाटरफाइनल बाट म्यान अफ द म्याच को पुरुस्कार को पनि व्यवस्था गरिएको बताइन्छ । प्रतियोगितामा टिम दर्ताका लागि रु तीन हजार शुल्क तोकिएको क्लबका सल्लाहकार संयोजक बालकृष्ण अधिकारीले जानकारी दिए।

क्लबले प्रतियोगिताको प्रचार प्रसारका लागि चैत ११ गते लाहाचोक स्थित बास्तोला कम्प्लेक्समा बिहान रक्तदान कार्यक्रम पनि आयोजना गर्ने भएको छ। घोषणा कार्यक्रममा माछापुच्छ्रे त्रिशक्ति युनाइटेड क्लबका अध्यक्ष बासुदेब ढकाल, गण्डकी प्रदेशस्तरीयफुटबलप्रतियोगिताका संयोजक राजेन्द्र गौतम, टिम कप्तान सन्तोष गुरुङ लगायतले सफलताको प्रतियोगिताको आवश्यक तयारीका लागि अहिलेबाटनै काम शुरु गर्नुपर्नेमा जोड दिएका थिए। सो अवसरमा राजेन्द्र गौतमले प्रत्येक खेलको म्यान अफ दि म्याचको पुरस्कारको घोषणा गरेका थिए।

## चैत २१ ...

संचालन हुने उक्त प्रतियोगिता सम्पन्न गर्न भने १ करोड १ लाख ८१ हजार रुपैयाँ खर्च हुने क्लवले जनाएको छ । यसैबिच, पत्रकार सम्मेलनमा सहारा यु.के.बाट प्राप्त आकर्षक ट्रफी हस्तान्तरण गरिएको छ। सहारा यु.के.का महासचिव धनु पुरण थकाली, सहारा यू.के.का सदस्य एवं तमु धिं यू.के.का कोषाध्यक्ष कमल गुरुङले हरेक खेलको म्यान अफ दी म्याचको लागि युकेबाट प्राप्त ट्रफी सहयोग हस्तान्तरण गरेका हुन्। क्लवका अध्यक्ष केशव बहादुर थापाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । सर्वोत्कृष्ट खेलाडी पुरस्कार अप्रिला स्कुटर, अफिसियल बैंक लुम्बिनी विकास बैंक, फेयर प्ले पुरस्कार प्रायोजक रोयल इन्फिल्ड बुलेट बाईक, सर्वाधिक गोलकर्ता पुरस्कार सनराईज ड्राईभिङ्ग स्कुल प्रा. लि. रहेको छ। यस बर्ष देखि उद्योगपति सुर्य बहादुर के.सी.को स्मृतिमा उत्कृष्ट पाँच विधाको पुरस्कार स्वरुपको रकम उपलब्ध हुने भएको छ । सहयोगी संस्था साथै राष्ट्रिय खेलकुद परिषद/अखिल नेपाल फुटबल संघ/पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति/जिल्ला खेलकुद विकास समिति कास्की/कास्की जिल्ला फुटबल संघ/ सहारा यु.के./सहारा क्लब हङ्गकङ्ग/सहारा क्लब अष्ट्रेलिया समेतको बिशेष सहयोग गर्दै आएको महासचिव रामजी प्रसाद अधिकारीले बताए। अफिसियल पानीमा पियूरो पानी रहेको छ । क्लवले यस बर्ष पनि सर्वोउत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी २०७७ बाट एक जनालाई सम्मान गर्ने भएको छ । क्लवका मानार्थ सदस्य खेमबहादुर गुरुङबाट उक्त पुरस्कार रुवरुप ३५ हजार रुपैया उपलब्ध गराउने भएका हुन्।





# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# विभाजनको बाटोमा एमाले

पुस ७ गते तत्कालीन नेकपा विभाजन भएर अलग समूहमा लागेका केपी ओली र माधव नेपाल पक्ष एकै ठाउँमा रहने अवस्था देखिएको छैन । सर्वोच्च अदालतले नेकपा खारेज गरि नेकपा एमाले पुनःस्थापन गरेपछि पनि पहिलेकै गतिविधि भएका छन । प्रचण्डसंगको सहकार्य जारी रहेको हुँदा एमाले सग्लो रहने अवस्था करिब सकिएको छ । माओवादी केन्द्रीय कार्यालय पेरिस डाँडाबाट छुट्टिएर आएपछि पनि माधवकुमार नेपाल - झलनाथ खनाल समुहले गुटगत बैठक गरेर संगै जान नसकिने सन्देश दिएका थिए ।

अध्यक्ष केपी शर्मा ओली विरुद्ध जुध्ने र समानान्तर कमिटी बनाउने निर्णय गरेका छन । अध्यक्षले गरेका निर्णय नमान्ने र समानान्तर कमिटी बजाउनु विभाजन हो । एमाले अध्यक्ष केपी शर्मा ओलीको प्रस्तावमा शुक्रबारको विशेष बैठकले गरेका निर्णय माधव नेपालले अस्वीकार गर्दै राष्ट्रिय कार्यकर्ता भेला बोलाएको छ । चैत ४ र ५ गते राष्ट्रिय कार्यकर्ता भेलाबाट नयाँ रणनीति तय गरिने नेता भीम रावलले जानकारी गराएका छन।भेलामा केन्द्रीय कमिटी, केन्द्रीय निकाय, संघीय र प्रदेश सांसदका साथै प्रदेश कमिटी, जिल्ला कमिटीका पदाधिकारी, सबै स्थानीय तहका प्रमुख उपप्रमुख र जनवर्गीय संगठनका केन्द्रीय सदस्यहरु सहभागी हुनेछन् । सोही भेलाबाट महत्वपूर्ण निर्णय गरिने भएको छ ।

एमाले र माओवादी ब्युँताउने सर्वोच्च अदालतको फैसला गलत रहेको निष्कर्ष निकालेको नेपाल समुहले संसदीय दलमा चालिस प्रतिशत नपुगेको हुँदा तत्कालै पार्टी फुठाउन नसकेको हो । नेपाल समुहको बैठकले सरकार परिवर्तनको सन्दर्भमा पनि अन्य दलसँग छलफल गर्ने निर्णय गरेको छाकार्यकर्ता भेलाबाट औपचारिकता दिन खोजेको छ । कम्युनिस्ट पार्टीको एकताको अभियान चलाउने उद्घोष गरेका नेताहरूको पदीय आकांक्षाले गर्दा विखण्डनको बाटोमा गएको छ ।


**तपाईंको आज**

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शारिरीक झमेला | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा**

रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तु: बिक्रीमा छ ।

सम्पर्क: ९८४७६६१७३५

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्क: सिर्जनाचोक, पोखरा

मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# मेघ गर्जनसहित वर्षाको सम्भावना

रासस

काठमाडौं, २९ फागुन

पश्चिमी वायुको प्रभावले शनिबार देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागका केही स्थानमा मेघगर्जनसहित वर्षा हुने भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार उक्त प्रणालीको प्रभावले देशको अधिकांश भूभागमा बदली रही पहाडी भेगका केही स्थानमा मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहनुका साथै उच्चपहाडी तथा हिमाली क्षेत्रमा हल्का हिमपातको सम्भावना पनि रहेको जनाएको छ । मौसमविद् गङ्गा नगरकोटीका अनुसार पश्चिमी वायुको प्रभाव शनिबार रातिसम्म कायम रहने छ ।

आइतबारदेखि फेरि स्थानीय वायुको प्रभाव देखिने सम्भावना रहेको बताइएको छ । हाल देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा भएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार शनिबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १३ दशमलव दुई डिग्री र अधिकतम तापक्रम २८ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ ।

त्यस्तै शनिबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम दुई दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

# महाधिवेशन नहुनु दुर्भाग्यपूर्ण- वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता

बागलुङ, २९ फागुन

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले यो या त्यो बहानामा पार्टीको महाधिवेशन पछाडि धकेल्दै जानु दुर्भाग्यपूर्ण भएको बताउनुभएको छ ।

नेपाल प्रेस युनियन बागलुङद्धारा शनिबार आयोजित पत्रकार भेटघाटमा उहाँले कांग्रेसको महाधिवेशन समयमा नहुँदा नेपालको लोकतान्त्रिक प्रणाली नै कमजोर बनेको टिप्पणी गर्नुभयो । वरिष्ठ नेता पौडेलले राजनीतिमा देखिएका विकृतिबाट देशलाई जतिसक्दो चाँडो मुक्त गर्नुपर्ने धारणा राख्नुभयो । "अहिले महाधिवेशन गरेर बस्न पाएको भए कांग्रेसले राष्ट्रको नेतृत्व गर्ने राम्रो मौका आएको थियो, आज कांग्रेस आफैं अधिवेशनविहीन अवस्थामा छ, अलपत्र पारिएको छ, यो दुःखद् छ", वरिष्ठ नेता पौडेलले भन्नुभयो ।

विकसित राजनीतिक परिस्थितिमा कांग्रेसको काँधमा महत्वपूर्ण अभिभारा आएको उल्लेख गर्दै उहाँले ससंदीय प्रक्रियाबाटै राष्ट्रलाई निकास दिइने उल्लेख गर्नुभयो । उहाँले सत्ता साझेदारीका लागि नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र जनता समाजवादी पार्टीबीच छलफल चलिरहेको बताउनुभयो ।

# उदार आर्थिक नीतिले मुलुक समृद्ध बन्छ : पूर्वमन्त्री डा महत

पोखरापत्र संवाददाता

दमौली, २९ फागुन

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वअर्थमन्त्री डा रामशरण महतले उदार आर्थिक नीतिले मात्रै मुलुक समृद्ध बन्न सक्ने बताउनुभएको छ ।

नेपाल वितरक महासङ्घ केन्द्रीय समितिको आज तनहुँको दमौलीमा आयोजित नवौं वार्षिक साधारणसभाको उद्‌घाटन गर्दै डा महतले उक्त कुरा बताउनुभएको हो । उदार अर्थ नीतिले केबल देश विकास मात्र नभई आर्थिक गतिविधि बढाउने, रोजगारीको अवसर सिर्जना गर्ने, आयआर्जनका अवसर सिर्जना गर्न सहयोग पुऱ्याउने डा महतले बताउनुभयो । "देशको राजश्व बढाउनका लागि उदार अर्थ नीतिको आवश्यक छ, किनभने आर्थिक गतिविधि बढाउने सरकारको मात्रै जिम्मेवारी होइन", उहाँले भन्नुभयो, "सरकारले गर्नुपर्ने उपयुक्त काम सरकारले नै गर्नुपर्छ । बाँकी काम निजी क्षेत्रको पनि हो ।"

पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, गरीबी निवारण, सामाजिक सुरक्षाका काम सरकारले गर्नुपर्ने र उद्योगधन्दा बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्नेमा उहाँको जोड थियो । "सरकारले गैरसरकारी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरेर मुलुक समृद्ध बनाउने वातावरण सिर्जना गर्नुपर्छ", उहाँले भन्नुभयो, "स्वदेशी र विदेशी पूँजीको लगानी वृद्धि गर्नुपर्छ ।" स्वदेशी पूँजी संरक्षण गर्दै व्यवसायीको हकहितका लागि सरकारले वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिँदै डा महतले राष्ट्रलाई समृद्धिको बाटोमा अगाडि बढाउन सबैबीच सहमति र सहकार्यको आवश्यकता रहेको चर्चा गर्नुभयो । उद्योगी, व्यवसायीलाई शोषण गर्न नहुने बताउँदै पूर्वमन्त्री डा महतले व्यवसायीले पनि सही ढङ्गबाट कर तिर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । नेपाल वितरक महासङ्घका केन्द्रीय अध्यक्ष सुरेश अधिकारीले वितरक महासङ्घलाई सरकारले अन्य व्यवसायीसरह हेर्न नहुने बताउनुभयो ।

साधारणसभामा ४४ जिल्लाका प्रतिनिधि र पर्यवेक्षक गरी करीब ५०० जना सहभागी छन् । कार्यक्रममा व्यवसायीले अनुगमनका क्रममा हतोत्साही बनाउने काम भएको बताउँदै अस्थिर राजनीतिका कारण व्यवसायी ढुक्क हुने स्थिति नरहेको गुनासो गर्नुभयो ।

# जगन्नाथ सिग्देल स्मृति पत्रकारिता पुरस्कारको अक्षयकोषमा रकम थप

पोखरापत्र संवाददाता

पोखरा, २९ फागुन



नेपाल पत्रकार महासंघ कास्की शाखाद्धारा संचालित जगन्नाथ सिग्देल स्मृति युवा पत्रकारिता पुरस्कारको अक्षयकोषमा बृद्धि भएको छ ।

कास्कीका प्रथम पत्रकार सिग्देलको परिबारको तर्फबाट छोरी जगदम्बिका घिमिरेले कोषमा रु तीन लाख थप गर्नुभएको हो । सो रकम उहाँले शुक्रबार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो ।

पुरस्कार अक्षयकोषको लागि शुरुआतमा रु २ लाख र थप गरिएको रु ३ लाख गरी रु ५ लाख पुगेको र उक्त कोषको ब्याजबाट प्रतेक बर्ष एकजना पत्रकारलाई सम्मान अर्पण गरिने महासंघ कास्कीका सचिव रामप्रसाद तिमिल्सेनाले जानकारी दिनुभयो । महासंघ कास्कीका अध्यक्ष श्रेष्ठले अक्षयकोषमा रकम थप गर्नुभएकामा आभार व्यक्त गर्नुभयो । कार्यक्रममा महासंघ कास्कीका पूर्व अध्यक्ष बद्रीविनोद प्रतिक, महासंघका केन्द्रीय सदस्य रामकृष्ण ज्ञवाली र सिग्देल परिवारको तर्फबाट छोरी जगदम्बीका घिमिरेले बोल्नुभएको थियो ।

# मानवीय दोहनले कालीगण्डकी नदी सङ्कटमा

-ध्रुवसागर शर्मा

म्याग्दी, २९ फागुन (रासस)

आध्यात्मिक र वातावरणीय दृष्टिकोणले महत्वपूर्ण मानिएको कालीगण्डकी नदी मानवीय दोहनका कारण सङ्कटमा पर्दै जान थालेको छ ।

हिन्दूधर्मावलम्बीले भगवान् विष्णुको अंश मानेर पुज्ने शालिग्राम शिला पाइने विश्वकै एकमात्र नदी कालीगण्डकीमा लामो समयदेखि अवैधरुपमा दोहन हुँदै आए पनि सम्बन्धित निकाय भने मौन छन् । अवैधरुपमा नदीको उत्खनन गरी नदीजन्य वस्तुको चोरी निकासी हुने क्रम बढ्दै गएपछि कालीगण्डकीबाट बहुमूल्य शिला शालिग्राम लोप हुँदै गएको छ भने कालीगण्डकीको अस्तित्वसमेत सङ्कटमा परेको छ । नदीजन्य पदार्थको अवैध उत्खननले कालीगण्डकी सभ्यतामै समस्या र सङ्कट पर्न थालेको र बहुमूल्य शिला शालिग्रामसमेत लोप हुँदै गएको गलेश्वर क्षेत्र विकास कोषका उपाध्यक्ष पं भीमनाथ पौडेलले बताउनुभयो । प्रदेश सरकारले नदीजन्य वस्तु निकाल्नका लागि मापदण्ड बनाए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । व्यवसायीले आफू खुशी ढुङ्गा, गिट्टी बालुवा निकाली रहेका छन् । हेभी इक्वीपमेन्ट (डोजर, स्काभेटर) प्रयोग गरेर नदीमा वर्षौंदेखि रहेका ठूला ढुङ्गा निकाल्दा नदीले धार परिवर्तन गरी नदी किनारका बस्तीमा जोखिम बढेको छ । यसले गर्दा सबैभन्दा बढी असर म्याग्दीको सदरमुकाम बेनी र कालीगण्डकी करिडोरअन्तर्गतको बेनी जोमसोम सडकलाई परेको छ । नदीजन्य पदार्थ उत्खनन तथा निकासीका लागि सरकारले मापदण्ड बनाएर सोही अनुसार निर्देशित गरे पनि व्यवसायीले दिउँसोको समयमै ठूला मेशिन लगाएर दोहन गरिरहेका पर्वत बगरका इन्द्रबहादुर बरुवालले बताउनुभयो । जमिनमा एकपटक बसिसकेको ढुङ्गालाई बगिरहेको नदीको बीचबाट निकालेर भारी मेशिन (स्काभेटर) को प्रयोग गरी छियाछिया पारिएको छ । नदी कटान तीव्ररुपमा भइरहेको अवस्थामा नदी उत्खनन र नदीजन्य वस्तुको चोरी निकासी गर्न सजिलो हुने गरी स्काभेटर र टिपर पुऱ्याउन सडकसमेत बनाइएको छ । कुनै निकायसँग सम्झौतापनिनगरीरनदीउत्खननको मापदण्डविपरीत नदीको दोहन भइरहेको छ भने सदरमुकामको कालीपुल क्षेत्र थप जोखिममा परेको स्थानीय बासिन्दाले बताएका छन् । उच्च जोखिमयुक्त सदरमुकामको सूचीमा राखिएको म्याग्दीको सदरमुकाम बेनी बजारको शिरमा नदी नियन्त्रणको बहानामा नदीको तीव्र बेगलाई रोक्न सक्ने ढुङ्गा निकाल्दासमेत जनप्रतिनिधि र सरोकारवाला निकाय मौन बसेपछि हरेक वर्ष नदीको अस्तित्व सङ्कटमा पर्नुको साथै सौन्दर्यसमेत गुम्दै गएको छ । व्यवसायीले रातको समयमा समेत नदी उत्खनन गर्दै आएका छन् ।

म्याग्दी, बागलुङ र पर्वत जिल्लाको विभिन्न स्थानमा अहिले दोहन भइरहेको छ । अवैधरुपमा भएको दोहनले नदीको धार परिवर्तन गरेर बस्तीतिर जाने सम्भावना देखिन्छ । मापदण्ड मिचेर नदी दोहन गर्दा म्यागदीको धार्मिकस्थल गलेश्वरधामदेखि सदरमुकाम बेनीबजार र बागलुङको माझी बस्ती, मालढुङ्गा तथा कालाखोला बगर क्षेत्रका घरसमेत उच्च जोखिममा पर्न थालेका छन् ।

# १०८ शिवलिङ्ग प्रतिस्थापन

पोखरापत्र संवाददाता

बागलुङ, २९ फागुन

गलकोट नगरपालिका-७ मल्मस्थित सिद्धेश्वर शिवालय मन्दिर परिसरमा निर्माणाधीन शिवलिङ्ग मण्डपमा १०८ शिवलिङ्गका मूर्ति प्रतिस्थापन गरिएको छ । महाशिवरात्रि पर्वका अवसरमा विधिवत् पूजापाठ गरी मूर्ति प्रतिस्थापन गरिएको हो ।

सिद्धेश्वर शिवालय मन्दिर सेवा समितिका अनुसार मण्डपमा शिवलिङ्गसँगै द्वादश रुद्रका १२, एकादश रुद्रका ११ र पञ्चमुखी पशुपतिनाथका पाँच मूर्ति राखिएको छ । विभिन्न दाताबाट सहयोग जुटाएर मूर्ति प्रतिस्थापन गरिएको शिवलिङ्ग मण्डप व्यवस्थापन समितिका अध्यक्ष राज थापाले जानकारी दिनुभयो । "न्यूनतम रु. २१ हजारदेखि रु. एक लाख १० हजारसम्म सहयोग गर्ने दाता हुनुहुन्छ, अहिलेसम्म सय जना मण्डप निर्माणको अभियानमा जोडिनुभएको छ", उहाँले भन्नुभयो । समितिले २०७ दाताको सहयोगमार्फत शिवलिङ्ग मण्डप निर्माणलाई पूर्णता दिने लक्ष्य लिएको छ । मण्डप निर्माणका लागि स्वतःस्फूर्त रूपमा सहयोग जुटिरहेको छ ।

शिवलिङ्गसहित सबै मूर्ति पवित्र कालीगण्डकी नदीका शिलामा कुँदिएको हो । विसं १८१० मा निर्मित उक्त मन्दिरलाई धार्मिक एवं साँस्कृतिक सम्पदास्थलका रूपमा विकास गर्न समिति र स्थानीयवासी लागिपरेका छन् । मन्दिरको पुनःनिर्माणसहित बृहत्तर विकास योजना अघि बढाइएको मन्दिरका अध्यक्ष ज्ञानबहादुर थापाले बताउनुभयो । संरक्षण अभावमा अस्तित्व सङ्कटबाट गुज्रेको मन्दिरले विस्तारै मुहार फेर्दैछ । दश वर्षे गुरुयोजना बनाएर काम थालिएको अध्यक्ष थापाको भनाइ छ । उहाँका अनुसार जीर्ण अवस्थामा पुगेको मन्दिरलाई पुरातात्विक कला, कौशल झल्कने गरी पुनःनिर्माण गरिनेछ ।

मन्दिरसहित धर्मशाला, सभाकक्षलगायतका संरचना बनाउने योजना समितिले अघि सारेको छ । "स्थानीयवासीको पहल र सहयोगमा मन्दिरको काम अगाडि बढाइएको छ", अध्यक्ष थापाले भन्नुभयो, "सरकारी निकायबाट खास सहयोग आएको छैन, ऋणधन गरेरै भएपनि मन्दिर संरक्षण अभियानमा लागेका छौं ।" जग्गा व्यवस्थापन, घेराबार, पर्खाललगायत संरचना बनाउँदा हालसम्म रु. १५ लाख जति खर्च भइसेकेको छ । गत आर्थिक वर्षमा गलकोट नगरपालिकाले दिएको रु. दुई लाखबाहेक अन्य निकायबाट कुनै सहयोग आएको छैन । मन्दिर व्यवस्थापनले ऋण काढेर भएपनि कामलाई गति दिएको छ ।

झण्डै चार रोपनी क्षेत्रफलमा फैलिएको मन्दिरमा शिवरात्री र बालाचर्तुदशी पर्वमा ठूलो मेला लाग्ने गर्छ । विशेष पर्वबाहेक मन्दिरमा दैनिक पूजाआजासमेत हुने गरेको छ । जिल्लाकै पुरानो र महिमा बोकेको शिवालयका रूपमा मन्दिरको चिनारी छ ।

पाण्डवखानी भन्ने ठाउँबाट एक साधु आइ त्यस ठाउँमा बस्न थालेपछि शिवालय मन्दिर स्थापना गरिएको गाउँका अगुवा बताउँछन् । मन्दिरको नाममा बाह्रमुरी धान आउने दुई खेत पनि छन् । खेती लाउन दिइएको ठेक्काबाट आउने रकम मन्दिरको पूजा व्यवस्थापनमा खर्च हुन्छ । मन्दिरसँगै जोडिएको ऐतिहासिक नाच्ने डाँडाले पनि सो ठाउँको महत्व बढाएको छ ।

उक्त डाँडामा वर्षेनी तीज पर्वको अवसरमा मेला लाग्छ । मन्दिरदेखि दुई किमि दुरीमा रहेको पाण्डुकेशरी गुफासँग पनि शिवालयको साइनो छ । वर्षेनी बालचर्तुदशीका दिन मन्दिरबाट सतबीज छर्दै गुफामा पुग्ने चलन छ । समितिकै पहलमा मन्दिर-गुफा जोड्ने गरी पदमार्ग निर्माण गरिएको छ । यही वर्ष मन्दिर परिसर र पदमार्ग आसपासमा पिपल, वर, स्वामी, कपुरलगायत धार्मिक महत्वका सयौं बोटबिरुवासमेत रोपिएको छ ।

# नारायणगढ-मुग्लिन सडक नियमित सञ्चालनमा आउने

रासस

चितवन, २९ फागुन

नारायणगढ-मुग्लिङ सडकखण्ड शनिबारदेखि नियमित सञ्चालनमा आउने भएको छ । इच्छाकामना गाउँपालिका-६ चारकिलोमा पहिरो रोकथामका लागि यही फागुन २३ गतेदेखि बिहान १०:३० बजेदेखि दिउँसो ३ बजेसम्म बन्द गरिएको सडक शनिबार दिउँसोदेखि नियमित सञ्चालनमा आउने भएको हो ।

पहिरो रोक्नका लागि एक साता सो स्थानमा दुइतर्फी सवारी आवागमन रोकी काम भएको थियो । आज दिउँसो ३ बजेसम्म पहिरो रोक्ने काम सम्पन्न गरेर नियमितरूपमा आवागमन शुरु हुने नारायणगढ-मुग्लिन सडक आयोजनाका सूचना अधिकारी इञ्जिनीयर सविना रानाभाटले जानकारी दिनुभयो ।

सो ठाउँमा गाडी रोकेर पहिरो रोक्ने काम सम्पन्न भएको छ । सोही ठाउँ नजिकै गत वर्षको असारपछि ठूलो पहिरो खसेको भए पनि तत्काल पन्छाउने योजना छैन । रानाभाटले भन्नुभयो, "हाल रोकथाम गरेको पहिरोभन्दा अझ माथि ठूलो पहिरो छ ।" यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा छलफल भइरहेको उहाँले बताउनुभयो । हालको ठेक्कामा सो पहिरो समावेश नहुने भएकाले बजेटको व्यवस्थापन गरेर काम गर्नुपर्ने रानाभाटले जानकारी दिनुभयो । जुनसुकै बेला सो पहिरो खस्नसक्ने भएकाले उच्च सावधानी अपनाउनुपर्ने देखिएको उहाँको भनाइ छ । गत साल पहिरो रोकथामका लागि भएको ठेक्कामध्ये आठ ठाउँको सम्पन्न भएकामा बाँकी रहेको चार किलोको यस वर्ष सम्पन्न गरिएको हो । रु १४ करोडमा पहिरो रोकथामका लागि ठेक्का गरिएको उहाँको भनाइ छ । यो सडक बिस्तारका क्रममा ठाउँठाउँमा भित्तो काटिएपछि पहिरोको जोखिम बढेको थियो । सडक बिस्तार सँगसँगै पहिरो रोकथामको काम पनि अघि बढाइएको थियो । यस सडक हुँदै दैनिक १० हजार हाराहरी सवारीसाधन आवतजावत गर्ने गर्दछन् ।

# अझै सुनसान छ घोडेपानी–पुनहिल

**–सन्तोष गौतम**
**म्याग्दी, २९ फागुन (रासस)**

फागुन-चैत-वैशाखको मौसममा म्याग्दीको अन्नपूर्ण-६ घोडेपानीको सन्नी होटलका सञ्चालक सन्नी पुनलाई खाना खाने फुर्सद पनि हुँदैनथ्यो । एक वर्षयता सन्नी मात्र नभएर घोडेपानीका सबै होटल व्यवसायी फुर्सदिलो भएका छन् । 'कोरोना र बन्दाबन्दीले बन्द भएको होटल गत माघदेखि खुले पनि अझै तङ्गिन सकेको छैन', उहाँले भन्नुभयो, 'खाली होटल रुँघेर बसेका छौँ । आन्तरिक पर्यटक फाट्टफुट्ट आएका छन् । त्यकिो भरमा चल्न गाहे छ ।'

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस रोकथामका लागि गत वर्षको चैत महीनादेखि गरिएको बन्दाबन्दी खुलेपछि धेरै क्षेत्र पुरानै लयमा फर्किन थालेका छन् । पर्यटन व्यवसाय भने अझै तङ्गिन नसकेको घोडेपानीको स्नोल्याड होटलका सञ्चालक सुशील पुनले बताउनुभयो । विगतका वर्षमा यतिबेला पर्यटकले भरिभराउ हुने पर्यटकीयस्थल र त्यहाँका होटलमा यसपालि फागुन सकिनै लाग्दा फाट्टफुट्ट आएका स्वदेशी पाहुना मात्र भेटिन्छन् । 'विदेशी पर्यटकको आगमन शून्य छ', पुनले भन्नुभयो, 'स्वदेशी पर्यटकको आगमन अपेक्षाकृत हुन सकेको छैन ।' घोडेपानीमा बास बसेर पुनहिल घुम्न जाने पर्यटकको एका बिहानै लाम लाग्दथ्यो । समुन्द्री सतहदेखि दुई हजार ८०० मिटर उचाइमा अवस्थित घोडेपानीमा २५ वटा सुविधा सम्पन्न होटल छन् । इलाका प्रहरी कार्यालय घोडेपानीका अनुसार यहाँ वार्षिक ५० हजार जना भन्दाबढी विदेशी पर्यटक आउँथे । बन्दाबन्दीका कारण होटल बन्द भएपछि त्यहाँ काम गर्ने १०० जनाभन्दा बढीको रोजगारी गुमेको छ । रु दुई अर्बभन्दा बढीको लगानी भएको घोडेपानीको होटल व्यवसाय सङ्कटमा परेको छ । भूकम्प, हुद्हुद आँधी र नाकाबन्दी हुँदा पनि अहिलेको जस्तो सुनसान थिएन घोडेपानी । विगतमा भिडभाड भएर होटलमा कोठासमेत पाउन मुस्किल पर्ने घोडेपानी यसपाली सुनसान र शान्त रहेको पोखराबाट घुम्न आएका मनोज क्षेत्रीले बताउनुभयो। 'लामो समय घर र बजारमा थुनिएर बस्नुपर्दा दिक्क भएकाले घुम्न आएको हो', उहाँले भन्नुभयो, 'शान्त वातावरणमा प्रकृतिको सौन्दर्यमा रमाउन पाउँदा फूर्तिलो भएको महशुस भयो ।'

यतिबेला घोडेपानी-पुनहिल क्षेत्रको वातावरण बढो मनमोहक छ । जङ्गलमा गुराँस फुल्न थालेको छ । गण्डकी प्रदेशकै ठूलो गुराँसको जङ्गल घोडेपानीमा छ । यहाँको जङ्गलमा रातो, सेतालगायत नेपालमा पाइने ३२ मध्ये १६ प्रजातिका गुराँस पाइन्छ । समुन्द्री सतहदेखि तीन हजार ३१० मिटर उचाइमा अवस्थित पुनहिलबाट सूर्योदय, हिमाल र गुराँसे जङ्गलको अवलोकन गर्न सकिन्छ ।

पोखराबाट घोडेपानी घुम्न आएका रमेश श्रेष्ठले पर्यटन र होटल व्यवसायीले आन्तरिक पर्यटकलाई लक्षित गरेर प्याकेज ल्याउनुपर्ने बताउनुभयो । 'नेपालको पर्यटन व्यवसायको भरथेग गर्ने भनेको अब आन्तरिक पर्यटकले नै हो', उहाँले भन्नुभयो, 'विदेशीलेभन्दा नेपालीले खर्च पनि बढी खर्च गर्छन् तर व्यवसायीले त्यहीअनुसारको व्यवहार गर्न र सुविधा दिन सक्नुपर्‍यो ।' पर्यटन र होटल व्यवसायलाई पुनःजीवन दिन घोडेपानीका होटल व्यवसायीले आन्तरिक पर्यटकलाई लक्षित गरेर स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर व्यवसाय सञ्चालन गरिएको घोडेपानी टोल सुधार समितिका अध्यक्ष बिरेन गर्बुजाले बताउनुभयो । पोखरे बगर हुँदै घोडेपानी जोड्ने सडक निर्माण भएकाले गाडीबाटै घुम्न आउन सकिने उहाँले बताउनुभयो ।

पर्यटक आगमन ठप्प हुँदा अन्नपूर्ण गाउँपालिकाको चालू आर्थिक वर्षको आन्तरिक आम्दानी प्रभावित भएको छ । पर्यटकीयस्थल घोडेपानी, पुनहिल र तातोपानी कुण्डको प्रवेश शुल्क उठाउन नपाएपछि गाउँपालिकाको रु एक करोडभन्दा आम्दानी गुमेको हो । गत आव २०७६/७७ मा घोडेपानी-पुनहिल प्रवेश शुल्क र त्यहाँ चिया पसल सञ्चालनका लागि रु ६५ लाखमा ठेक्का लगाएको थियो । यसैगरी तातोपानी कुण्डको प्रवेश शुल्क उठाउन र त्यहाँ रेष्टुरेन्ट चलाउन रु ५५ लाखमा ठेक्का लगाएको थियो ।

घोडेपानी पुनहिल भ्रमण र तातोपानी स्नानका लागि नेपालीलाई प्रतिव्यक्ति रु ५० र विदेशीलाई रु १०० प्रतिव्यक्ति शुल्क तोकिएको छ । यस वर्ष पर्यटक आगमन नभएपछि पर्यटकीयस्थलको प्रवेश शुल्क उठाउने ठेक्का लगाउन नसकिँदा आयस्रोतमा असर परेको गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले बताउनुभयो । गत असारमा भएको गाउँसभाले घोडेपानी पुनहिल र तातोपानीको ठेक्काबाट रु १५/१५ लाख आम्दानी गर्ने लक्ष्य राखेको थियो ।

आर्थिक वर्षको आठ महीनासम्म पर्यटक गतिविधि चलायमान हुन नसकेपछि गत हप्ता भएको गाउँसभाले तातोपानीबाट रु एक लाख र घोडेपानीबाट रु ५० हजार आम्दानी हुने गरी बजेट संशोधन गरेको छ । रु एक लाख ५० हजार आम्दानी गर्ने लक्ष्य राखिएको रातोपानी र पाउद्वार तातोपानी कुण्डबाट रु १५/१५ हजार र रु ५० हजार आम्दानी हुने अनुमान गरिएको सेकार्कु तातोपानी कुण्डबाट रु पाँच हजार आम्दानी हुने गरी करको दर घटाएको छ । अमानतमा तोकिएको रकम बुझाएर शुल्क बुझाउनेलाई जिम्मेवारी दिने गाउँपालिकाले जनाएको छ । पर्यटकको प्रवेश शुल्क अन्नपूर्ण गाउँपालिकाको मुख्य आन्तरिक आयस्रोत हो । यस वर्ष कोरोनाले आम्दानीसँगै सो परिचालन गरेर हुने विकास गतिविधिसमेत प्रभावित भएको अध्यक्ष पुनले बताउनुभयो ।

# श्रीवृद्धि सहकारीद्वारा शेयर सदस्यलाई खुर्सानीको बेर्ना र प्राङ्गारिक मल

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**



पोखरा महानगरपालिका वडा नं १० हस्पिटलचोकमा अवस्थित श्रीवृद्धि बचत तथा ऋण सहकारी संस्थाले शेयर सदस्यलाई खुर्सानीको बेर्ना र प्राङ्गारिक मल वितरण गरेको छ ।

सो सहकारीले शनिबार एक कार्यक्रम आयोजना गरी बेर्ना वितरण गर्न शुरु गरेको हो । स्वावलम्बी बनौँ, उत्पादनमा जोड दिऔँ नारा सहित अघि बढेको सहकारीले प्रत्येक सदस्यको घर घरमा उत्पादनमा जोड दिने उद्धेश्यले खुर्सानीको बेर्ना वितरण गर्ने कार्यक्रम ल्याएको हो । दैनिक भान्सामा अत्यावश्यक खुर्सानी घरको छतमा थोरै मिहिनेतमा पनि उत्पादन गर्न सकिने अवस्था रहेपनि अहिले परनिर्भर बन्दै बजारमा किन्नुपर्ने बाध्यता अन्त्य गर्नका लागि सदस्यहरुलाई स-साना उत्पादनका लगाउने योजना अनुसार बेर्ना वितरण गरिएको सहकारीका अध्यक्ष मीन गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, 'संस्थाका सबै सदस्यहरुलाई उत्पादनमा उत्प्रेरित गर्नका लागि बेर्ना वितरण कार्यक्रम ल्याएका हौँ । दैनिक भान्छामा प्रयोग हुने सामग्रीलाई घरमै उत्पादन गर्न सके पूँजी बाहिर जान पाउँदैन, हामीलाई स्वावलम्वी बन्न सहयोग पुग्दछ ।' अध्यक्ष गुरुङले सहकारीले नासोको रुपमा वितरण गरेको बेर्नाको राम्रो उत्पादन गर्ने सदस्यको अनुगमन गरी पुरस्कृत गरिने योजना रहेको समेत सुनाउनुभयो । सहकारीले संस्थामा आवद्ध ५९० शेयर सदस्यहरुलाईनै बीउ र मल वितरण गरिने जनाएको छ । हेर्दा सानो भएपनि महत्पूर्ण सन्देश बोकेको उत्पादन केन्द्रीत कार्यक्रम सहकारीले गरेको भन्दै शेयर सदस्यहरु पनि खुःशी भएका थिए । कार्यक्रममा रामघाट महिला सहकारीका अध्यक्ष एशोदा गुरुङ, सुनौलो बचत तथा ऋण सकारीका अध्यक्ष कलावती तिमिल्सिना लगायतले श्रीवृद्धिले शुरु गरेको अनुकरणीय कार्यको प्रशंसा गर्नुभएको थियो ।

# मिलन बहुउद्देश्यीय महिला समूहलाई समाजसेवी गुरुङको वाद्यवादन सामग्री सहयोग

**विनय पौडेल**
**पोखरा, २९ फागुन**



समाजसेवीदुर्गागुरुङ"मिलन"ले मिलन बहुउद्देश्यीय महिला कृषक समूह, मोदी गाउँपालिका वडा नं. ५, बाजुङ, पर्वतलाई वाद्यवादन सामग्री सहयोग गर्नुभएको छ ।

विभिन्न शुभ कार्यमा भजनकीर्तन तथा नाचगानका लागि आवश्यक पर्ने वाद्यवादन सामग्री समाजसेवी गुरुङले महिला समूहलाई सहयोग गर्नुभएको हो ।

सो महिला कृषक समूहले महाशिवरात्री पर्वका अवसरमा ॐकारेश्वर शिव मन्दिरमाआयोजितविशेषकार्यक्रममा वाद्यवादन सामग्री हस्तान्तरण गरिएको हो । मिलन ट्रष्टकी संरक्षक सावित्रीकुमारी गुरुङले महिला कृषक समूहकी अध्यक्ष विष्णुमाया अधिकारीलाई वाद्यवादन सामग्री हस्तान्तरण गर्नुभयो । त्यस्तै, समाजसेवी गुरुङले शिव मन्दिरका पुजारी वृद्धनाथ योगीलाई पुजारी पोशाक समेत हस्तान्तरण गर्नुभएको छ ।

समूहका सल्लाहकार अमर अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा शिव मन्दिरलाई समूहको तर्फबाट आर्थिक सहयोग समेत हस्तान्तरण गरिएको थियो ।

सो शिव मन्दिरको पुनर्निर्माणको परिकल्पना एवं अगुवाइ समाजसेवी दुर्गा गुरुङ "मिलन"ले गर्नुभएको थियो । हालै गठन भएको महिला कृषक समूहले दुई सातासम्म सरसफाइ अभियान समेत सञ्चालन गरेको थियो ।

# कोरोना रोकथामका नाममा भएको खर्चको छानबिन माग

**रासस**
**म्याग्दी, २९ फागुन**

जिल्ला प्रशासन कार्यालय म्याग्दीले गत आर्थिक वर्ष २०७६/७७ मा कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि गरेको अस्वाभाविक र शङ्कास्पद खर्चमा पारदर्शीताको प्रश्न उठाउँदै सरोकारवालाले छानबिनको माग गरेका छन् ।

कोरोना रोकथाम, नियन्त्रण र खोप अभियानका विषयमा जानकारी लिन शुक्रबार बेनी आएको गण्डकी प्रदेशसभाअन्तर्गतको अनुगमन समितिसँग जिल्लाका सरोकारवालाले प्रशासनले गरेको खर्चका बारेमा छानबिन गर्न माग गरेका हुन् । बजेट नै नभएको भन्दै प्रदेशले पठाएको बजेट लुकाउन खोजेको प्रशासनले सार्वजनिक कार्यक्रममै पटक-पटक प्रश्न उठेपछि 'गोलमटोल' शैलीमा २०७६ चैतदेखि २०७६ असार मसान्तसम्म रु १९ लाख ४७ हजार खर्च भएको सार्वजनिक गरेको थियो । आन्तरिक मामिला तथा कानून मन्त्रालयले सम्पूर्ण सुरक्षा संयन्त्रको परिचालन तथा व्यवस्थापनको सामूहिक प्रयासबाट कोरोना सङ्क्रमणको जोखिम न्यूनीकरण गर्ने प्रयोजनका लागि ११ वटै जिल्ला प्रशासन कार्यालयलाई २०७६ चैत २५ गते रु १५ लाख र जेठ ३० गते रु पाँच लाख बजेट पठाएको थियो । कूल खर्चमध्ये जिल्ला प्रशासन कार्यालयले सञ्चार महसुल, इन्धन, सवारीसाधन मर्मत, अनुगमनका नाममा रु ११ लाख ८५ हजार खर्च गरेको छ । जिल्ला प्रहरी कार्यालयले रु तीन लाख ९४ हजार ६५९, श्रीबक्स गुल्मले रु एक लाख ४२ हजार ३१, सशस्त्र प्रहरी गुल्मले रु एक लाख २९ हजार २६२ र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयमार्फत रु ५८ हजार ७४७ र अन्य कार्यालयको सवारीसाधन इन्धन तथा अनुगमनमा समेत गरी रु ३७ हजार १९५ खर्च गरेको थियो ।

चार महीनाको अवधिमा प्रशासन तथा सुरक्षा निकायको नियमित बजेटबाहेक अतिरिक्त भएको यो खर्च अस्वाभाविक र शङ्कास्पद देखिएको नेकपा (एमाले) म्याग्दीका अध्यक्ष हरिकृष्ण श्रेष्ठले बताउनुभयो । "क्वारेन्टिन, आइसोलेशननिर्माणरव्यवस्थापनमा स्थानीय तहले पनि छुट्टै खर्च गरेका छन्", उहाँले भन्नुभयो, "त्यत्रो बजेट आउँदा क्वारेन्टिन र आइसोलेशन राखिएका ठाउँको पानी बिजुलीको महशुल र आवासका सामग्री बेचेका व्यापारीलाई भुक्तानी नगरी इन्धन, सवारीसाधन मर्मत र भ्रमण भत्तामा खर्च गरिनुमा प्रश्न र शङ्का उठेको छ ।" बैठकमा सहभागी जनप्रतिनिधि र राजनीतिकर्मीले कोरोना रोकथाम र नियन्त्रणमा प्रशासनबाट भएको खर्चको स्वतपत्र जारी गर्न माग गरेका छन् । शैक्षिक तालीम केन्द्रको आइसोलेशनमा रु ७८ हजार र न्यु वेष्ट पोइन्टको क्वारेन्टिनमा रु ८० हजार पानीको बिल उठेको थियो ।

म्याग्दी क्याम्पस, माउन्ट एभरेष्टलगायत शैक्षिक संस्थामा क्वारेन्टिन र आइसोलेशन सञ्चालन हुँदाको पानी र बिजुलीको बिल भुक्तानी भएको छैन । महशुल नतिरेपछि शैक्षिक तालीम केन्द्रको आइसोलेशनमा पानीको लाइन काटेको बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । "प्रदेश सरकारले पठाएको बजेट लुकाएर पालिकालाई बिल भुक्तानी गर्न दबाब दिएको प्रशासनले बनाएको क्वारेन्टिन र आइसोलेशनको पानी र बिजुलीको बिल किन तिरेन ?", संसदीय टोलीसँग उहाँले प्रश्न गर्नुभयो, "यस विषयमा सरकारले छानविन र प्रशासनले स्वतपत्र जारी गर्नुपर्छ ।" बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदीले प्रशासनले आफूखुशी खरीद गरेका सामग्रीको बिल भुक्तानीका लागि पालिकालाई अनुचित दबाब दिएको बताउनुभयो ।

कोरोना रोकथाम र नियन्त्रणका लागि क्वारेन्टिनको खर्च स्थानीय तहले, आइसोलेशनको व्यवस्थापन बेनी अस्पतालले, किट व्यवस्थापन र स्वाब सङ्कलनको अगुवाइ स्वास्थ्य कार्यालयले र अनुगमन तथा समग्र पक्षको समन्वय र सहजीकरण प्रशासनको नेतृत्वमा रहेको जिल्ला सङ्कट व्यवस्थापन केन्द्रले गरेका थिए । प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले आफू भर्खरै मात्र सरुवा भएर आएको भन्दै खर्च विवरणका बारेमा बुझेर सार्वजनिक गर्ने प्रतिबद्धता जनाउनुभयो । गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारी, एमालेका सांसद रोशन गाहमगर, कांग्रेसका मणिभद्र शर्मा कँडेलले प्रशासनले गरेको खर्चका विषयमा उठेको प्रश्नका विषयमा सरकारको ध्यानाकर्षण गराउने बताउनुभयो । स्वास्थ्य कार्यालयका प्रमुख एकनारायण लम्सालले कोरोना रोकथाम, नियन्त्रण, व्यवस्थापन र कोरोनाविरुद्धको खोप अभियानको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

अनुगमन टोलीसँग जिल्लाका सरोकारवालाले बेनी अस्पतालको ५० शय्या क्षमताको भवन निर्माण अलपत्र परेका विषयमा ध्यानाकर्षण गराएका थिए । सहभागीले कोरोना रोकथामका लागि गरिएको लकडाउनका समयमा प्रशासनका कर्मचारीले व्यापारीबाट खरीद गरेको सामग्रीको भुक्तानी नगरेको र सङ्क्रमितको उपचारमा खटिएका स्वास्थ्यकर्मीले तोकिएको सुविधा नपाएका विषयमा पनि ध्यानाकर्षण गराएका थिए ।

# हेमजा सञ्चार सहकारीको आठौ साधारण सभा सम्पन्न

**विनय पौडेल**
**पोखरा, २९ फागुन**



हेमजा सञ्चार सहकारी सस्था पोखरा २५ हेमजाको आठौ साधारण सभा शनिबार हेमजामा सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि सम्बिधान सभा सदस्य सारदा पौडेलले सस्था मज्बुत बन्न सञ्चालक समिति र कर्मचारी बिच तालमेल मिल्नु पर्ने बताउदै सस्थाको लागि सक्दो सहयोग गर्ने बताइन । कार्यक्रममा सस्थापक अध्यक्ष अरुणस्तोम त्रिपाठी, सस्थापक सचिब केशब शरण पौडेल, सस्थापक कोषाध्यक्ष कृष्ण त्रिपाठी, सल्लाहकार कोबिदशरण उपाध्याय, मादबशरण पौडेल र मोतिराज तिमिल्सिना लगाएतले बोलेका थिए ।

सस्थाका उपाध्यक्ष अर्जुन पौडेलले स्वगत गरि सुरु भएको कार्यक्रममा सचिब नारायण बास्तोलाले सचिबको प्रतिबेदन, कोषाध्यक्ष बिष्णु बास्तोलाले आर्थिक प्रतिबेदन, र लेखा समिति संयोजक भरतराज अधिकारीले लेखा प्रतिबेदन प्रस्तुत गरि सभाले पारित गरेको थियो ।

सस्थाका अध्यक्ष मिनराज तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य आरती अधिकारीले सात सिदान्त बाचन र सञ्चालन सचिब बास्तोलाले गरेका थिए ।

# 'सेमी हाइटेक' प्रविधितर्फ किसान आकर्षित

**रासस**
**म्याग्दी, २९ फागुन**

म्याग्दीका किसानले रैथाने प्रविधिको प्रयोग गरी परम्परागतरूपमा गर्दै आएको तरकारी खेतीलाई आधुनिकीकरण गरी 'सेमी हाइटेक' प्रविधितर्फ आकर्षित भएका छन् । यो प्रविधिको प्रयोग गरी तरकारीखेती गर्न थालेपछि साविकको भन्दा चारगुणा बढी आम्दानी हुन थालेको कृषकले बताएका छन् ।

म्याग्दीका चन्द्रबहादुर घिमिरे, हरिलाल घिमिरे, सोभित शर्मा, चन्द्रबहादुर कार्की, श्याम सापकोटा, ध्रुव थापालगायत कृषकले सेमी हाइटेक प्रविधिको प्रयोग गरेको तरकारीखेतीबाट प्रशस्त कमाइगरिरहेका छन् । दश वर्षको वैदेशिक रोजगारीलाई बिट मारेर विसं २०७२ मा गाउँ फर्केका म्याग्दीको बेनी नगरपालिका-२ ज्यामरुककोटको रोहोटेपानीका चन्द्रबहादुर घिमिरेको जीवनमा तरकारीखेतीबाट नै हरियाली छाएको छ । चार वर्षसम्म सामान्य प्रविधि र सीपको प्रयोग गरी तरकारीखेतीमा लागेका घिमिरेले २०७६ सालदेखि आधुनिक प्रविधि र सोहीअनुरुपको सीप विकसित गर्दै तरकारी खेतीलाई आम्दानीको मुख्य स्रोत बनाएपछि अहिले साविककोभन्दा चार गुणा बढी आम्दानी हुन थालेको बताउनुभयो । कृषक घिमिरेले विसं २०७६ को शुरुआतसँगै सेमी हाइटेक प्रविधि अपनाएर तरकारीखेती गरेपछि यो डेढ वर्षको अवधिमा रु १० लाखभन्दा बढी आम्दानी भएको बताउनुभयो । घिमिरे मात्रै होइन, पछिल्लो समयमा म्याग्दीको तरकारीखेतीमा आधुनिक प्रविधिको प्रयोग बढेको छ । खेती गर्न सहज, रोग, किराबाट बचाउन र उत्पादन बढाउन सकिने भएपछि व्यावसायिक कृषकले सेमी हाइटेक प्रविधि अपनाएका हुन् । खुला आकाशमुनि र परम्परागत टनेलभित्र तरकारीखेती गर्दै आएका कृषक पछिल्लो समय चारैतिर जालीले घेरिएको स्थायी प्लास्टिक घर (सेमी हाइटेक र हाइटेक) प्रविधिको टनेलमा तरकारी उत्पादन गर्ने प्रविधिप्रति आकर्षित भएका हुन् । बिरुवाको जराजरामा पाइपमार्फत सिँचाइ र खाद्य तत्व आपूर्ति गर्ने सुविधा हुने सेमी हाइटेक प्रविधिको टनेललाई जालीले बेरिएकाले किरा छिर्न पाउँदैन ।

# काठमाडौँ मेयर कप क्रिकेटको उपाधि पुलिस क्लबलाई

**रासस**
**काठमाडौँ, २९ फागुन**

काठमाडौँ मेयर कप एकदिवसीय क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार भएको फाइनल खेलमा पुलिस क्लबले सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई आठ विकेटले पराजित गरेको हो । उपाधिसँगै पुलिस क्लबले रु पाँच लाख पुरस्कार प्राप्त गरेको छ । उपविजेता एपीएफ क्लबले रु तीन लाख पुरस्कार प्राप्त गरेको छ । टस जितेर ब्याटिङ गरेको एपीएफ क्लबले नेपाल पुलिस क्लब सामु जितका लागि १०६ रनको झिनो लक्ष्य प्रस्तुत गरेको थियो । एक सय ६ रनको विजय लक्ष्य पुलिस क्लबले २४ दशमलव एक ओभरमा दुई विकेट गुमाएर पूरा गर्‍यो । पुलिस क्लबका लागि सुनिल धमलाले अविजित ५९ रनको योगदान दिनुभयो । उहाँले ८२ बल खेल्दै दुई छक्का र सात चौका प्रहार गर्नुभयो । यस्तै दिपेन्द्रसिंह ऐरीले अविजित ११, कुशल भुर्तेलले १५ तथा अनिल साहले १५ रन बनाउनुभयो । बलिङतर्फ एपीएफका अभिनाश बोहरा र भुवन कार्कीले एक/एक विकेट लिनुभयो । यसअघि ब्याटिङ गर्ने क्रममा एपीएफ क्लबले २९ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै १०५ रन मात्र बनायो । एपीएफले पाँच रनमा पहिलो विकेट गुमाएको थियो ।

टोलीको स्कोर १० रन छँदा उसले आफ्ना तीन महत्वपूर्ण विकेट गुमाउन पुग्यो । शङ्कर राना चार रनमा तथा आसिफ शेख र शरद भेषवाकरबिना कुनै रन पेभेलियन फर्किनुभयो ।